01/ADC/ACH/2073/74

Section I. Invitation for Bids

अछाम जिल्ला अदालत
मंगलसेन, अछाम

## बोलपत्र आव्हान सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७३/०९/०७)

यस अदालतको नव निर्मित भवनमा, आ.व.२०७३/०७४ मा फर्निचर तथा फिक्चर्स सम्बन्धी कार्यहरु बोलपत्र द्वारा गराउनुपर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक सप्लायर्स व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वककोबोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

शर्तहरु :

१. बोलपत्र तपसिलमा उल्लेखित दस्तुर फिर्ता नहुने गरी नगदै बुझाइ रसीद संलग्न राखी अद्यावधिक नविकरण भएको ईजाजतपत्र, प्यान नम्बर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७२/०७३ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले३० दिनसम्म यस कार्यालयको लेखा शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२ यस कार्यालयबाट खरिद गरेका बोलपत्र फाराम नियमानुसार भरी खाममा शिलबन्दी गरी खामको बाहिर कामको विवरण ,बोलपत्र न., बोलपत्र दाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बोलपत्र बिक्रि गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका बोलपत्र सोहि दिनको २:०० बजे बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. तल उल्लेखित धरौटी बापतको रकम रा.बा.बैंकमंगलसेन स्थित कोष तथा लेखा नियन्त्रककार्यालय ,अछामको नाममा रहेको एकल धरौटी खाता नं ४२६०२०३०००००० मा जम्मा गरेकोसक्कल बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ९०दिन म्याद भएको बिड बन्ड दरभाउपत्र साथ संलग्न हुनुपर्नेछ ।

४. बोलपत्र सर्त रहित, प्रत्येक आईटममा प्रस्टसंग भरिएको, बोलपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ। दररेट सच्याउनु परेमा सच्चाइएको ठाउँमा दस्तखत भएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरित भएकोबोलपत्र माथि कुनै कारवाही हुने छैन ।

५. नेपाल सरकारलाई तिर्ने/बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरु बोलपत्रमा उल्लेख गरिएको दररेटमा भ्याटबाहेक समावेश गरिएको मानिने छ ।

६. बोलपत्र दाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिनेछ ।

७. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सो को भोलिपल्ट दर्ता गर्न सकिनेछ ।

८ बोलपत्र को डकुमेन्ट, स्पेसिफिकेशन, परिमाण सूची (Bill of Quantities) आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि वेला सच्याउन बाधा पर्नेछैन ।

९. प्राप्त बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१० बोलपत्र फारामको प्रत्येक पानामा बोलपत्र दाताले छाप सहित सहि गर्नुपर्नेछ ।

११ बोलपत्र दाताबाटे बोलपत्रमा उल्लेखित परिमाण सूचीमा प्रत्येक आईटमको दररेट भरी नआएमा त्यस्तोबोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१२. बोलपत्र मा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१३. यसमा उल्लेख नभएका बिषयको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन/नियम अनुसारहुनेछ । साथै अन्य कुनै थप जानकारी चाहिएमा यस अदालतमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

| क. सं. | बोलपत्र नं. | योजनाको नाम | अनुमानित ल.ई. ( भ्याट र कन्टिजेन्सी बाहेक )रु. | धरौटी रकम | शिलबन्दी दरभाउपत्र को मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 01/ADC/ACH/2073/74 | डेकोरेसन (फर्निचर तथा फिक्चर्स) कार्य | 15,00,000 - | 37,500.00 | १,०००/- | |



२०७३/०९/०५
शनिवार